पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

# कार्यपालिकाको मिति २०८०/०६/१८ गतेको बैठकको निर्णयहरु

**निर्णय नं. १ :-** आर्थिक वर्ष २०८०/०८१ को श्रावण देखि आश्विन सम्मको कार्यप्रगति उपर छलफल गरि समिक्षा गर्ने कार्य सम्पन्न गरियो ।

**निर्णय नं. २ :-** भु उपयोग ऐन २०७६ तथा नियमावली २०७९ बमोजिम भु उपयोग क्षेत्र वर्गिकरण गरि भु उपयोग योजना तर्जुमाको पुर्वाधार तयार गर्ने कार्यका लागि वर्गिकरणका आधार मापदण्ड तथा क्षेत्रफल खुलाई परामर्शदाता द्धारा पेश गरिएको प्रतिवेदन उपर छलफल गरियो , नपुग तथा थप गर्नु पर्ने प्रावधानहरु सम्मिलित गराई अन्तिम प्रतिवेदन पेश भए पश्चात राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :-** परामर्शदाताबाट प्राप्त नगर यातायत गुरुयोजनाको परामर्शदाता द्धारा पेश गरिएको प्रतिवेदन उपर छलफल गरियो , थपगर्नु पर्ने प्रावधानहरु सम्मिलित गराई अन्तिम प्रतिवेदन पेश भए पश्चात कार्यान्यनमा लैजाने निर्णय गरियो ।

**निर्णय नं. ४ :-** घुम्ति चिसापानी सडकमा आर्थिक वर्ष २०८०/०८१ को लागि सडक उपयोग कर तथा शुल्क असुलीको ठेक्का बन्दोबस्त गरिएकोमा स्थानीय उपभोक्ताको गुनासो, प्रादेशिक सडकको क्षेत्राधिकार, जिल्ला प्रशासन कार्यालयको प्राप्त पत्र एवं सडक निर्माण र वर्गिकरणको आधारमा यस वर्ष गरिएको ठेक्का बन्दोबस्त रद्द गर्ने र सो कार्यको वार्षिक कबुल अंक बापत प्राप्त रकम बराम्बरको रकम क्षतिपुर्ति प्रदान गर्ने ।

**निर्णय नं. ५ :-** आर्थिक वर्ष २०८०/०८१ मा संचालन हुने योजना तथा कार्यक्रमका लागि यथाशिघ्र उपभोक्ता समिति गठन गरि विजयदशमी लगतै पछि उपभोक्ता समितिलाई अनुशिक्षण कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :-** नगरपालिकाबाट संचालन गरिने रु पच्चिस लाख सम्मका योजना तथा कार्यक्रम (मेशिनरी, उपकरण र उच्च दक्ष कामदार उपयोग हुने बाहेक) उपभोक्ता समिति मार्फत संचालनमा ल्याउने र सो भन्दा माथिका योजनाहरुलाई बोलपत्र प्रक्रियाद्धारा निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ७ :-** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतको कार्यक्रममा लक्षित वर्गलाई न्युनतम रोजगारी प्रधान गर्नका लागि वडैपिच्छे सूचिकृत हुन आएका श्रमिकहरुको समानुपातिक हिसाबले हुन आउने रकम तय गरि सोको आधारमा रकम बाँडफाड एवं निकासाको प्रबन्ध मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ८ :-** पुतलीबजार नगरपालिका अन्तरगत प्राविधिक शिक्षा छात्रवृत्ति वितरण कार्यविधि २०८० र कृषक तथा पशुपालन समुह गठन तथा व्यवस्थापन कार्यविधि २०८०, कृषि उपजको न्युनतम समर्थन मुल्य अनुदान कार्यविधि २०८० स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :-** मर्मत संभार कोष संचालन कार्यविधि २०७८ को दफा तथा बुँदा नं.४(१) आयोजना तथा कार्यक्रमहरुको छनौट कार्यपालिकाले गर्ने छ भन्ने प्रावधानमा नगरप्रमुख संयोजक, उपप्रमुख सदस्य, वडा नं ११ का वडा अध्यक्ष सदस्य, भौतिक पुर्वाधार समितिका संयोजक सदस्य र पुर्वाधार शाखाका ईन्जिनियर सदस्य सचिव रहने मर्मत संभार कोष तथा व्यवस्थापन समिती गठन भन्ने वाक्यांश रहने गरि संसोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :-** पुतलिबजार नगरपलिका अन्तरगत वडा कार्यालय, स्वास्थ्य चौकी तथा नगरपालिका कार्यालयमा मितव्ययी खर्च व्यवस्थापनको मर्मलाई ध्यान दिई देहाय बमोजिम चालू खर्च शिर्षकमा रकम विनियोजन गरि मासिक रुपमा उपलब्ध गराउने निर्णय गरियो ।

- वडा कार्यालय संचालन तथा व्यवस्थापन खर्च(वडा सचिवलाई मासिक संचार खर्च ५०० समेत) मासिक रु.२२५००/-
- स्वास्थ्य चौकी तथा आधारभूत शहरी स्वस्थ्य केन्द्र संचालन व्यवस्थापन खर्च रु ३००० देखि रु ५००० सम्म ।
- नगरकार्यपलिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुको लागि ईन्धन खर्च बापत मासिक ५ लिटर ।

तुलसी राम रेग्मी
नगर प्रमुख

- नगरकार्यपलिकाको कार्यालयमा कार्यरत शाखा प्रमुखहरुको लागि संचार खर्च रु ५०० ।
-

**निर्णय नं. ११ :-** एन स्क्वाएर ईन्जिनियरिङ डिजाईन एण्ड बिल्ड प्रा.लि (प्रो.नवराज दोरङ्गा) पु.ब.न.पा ३ र जोर्बा टु बुद्ध कन्स्ट्रक्सन (प्रो नविन अर्याल) लाई घ वर्ग को निर्माण व्यवसायी इजाजत पत्र तथा लाइसेन्स प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ :-** यस कार्यालयमा कार्यरत अधिकृत सातौं (लेखा) भोजराज ढकाललाई गण्डकी प्रदेश सरकारको स्थानीय सेवाको गठन तथा संचालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७९ को दफा २७ (१) बमोजिमको तहवृद्धि तथा दफा २७ (४) लागू हुनेगरि अधिकृत स्तर आठौं (स्थानीय प्रशासन लेखा आठौं) तहमा तहवृद्धि गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ :-** यस कार्यालयबाट सेवा करारमा कर्मचारी पदपुर्ति एवं भर्ना तथा छनौट गर्ने कार्यका लागि Grade Point Average (GPA) प्राप्त गर्ने उम्मदेवारको प्रतिशत तथा श्रेणीको समुतुल्य मानि नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि २०७४ को दफा ११ ले प्रदान गरेको अधिकार प्रयोग गर्दै अन्तरवार्ता तथा सुचीकरण समितिलाई आफ्नो कार्यविधि आफै व्यवस्थित गर्न एवं देहाय बमोजिम समतुल्य श्रेणी कायम गर्न अधिकार प्रदान गर्ने निर्णय गरियो ।

**देहाय :-**

| क्र.सं. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | समतुल्य श्रेणी | कैफियत |
|---|---|---|---|---|
| १ | ८० देखि माथि | ३.६ देखि ४.० | विशिष्ट श्रेणी सहित प्रथम श्रेणी | |
| २ | ६० देखि ८० | ३.६ देखि २.८ | प्रथम श्रेणी | |
| ३ | ४० देखि ६० | २.८ देखि २.० | द्धितिय श्रेणी | |
| ४ | ४० भन्दा तल | २.० देखि १.६ | तृतिय | |

**पुनश्च :-** यदि कुने उम्मेदवारको लब्धाङ्क पत्रमा समस्याउत्पन्न भएमा GPA र CREDIT HOUR को आधारमा श्रेणी निर्धारण गर्न सकिने ।

**निर्णय नं. १४ :-** यस कार्यालयमा कार्यरत कर्मचारीहरुको वार्षिक तलबी प्रतिवेदन पारित गरेर तलब खर्च लेख्नु पर्ने प्रावधान बोमोजिम नगरपालिकाको आन्तरिक लेखा परिक्षकबाट तलबी प्रतिवेदन पारित गराई खर्च लेख्ने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १५ :-** राजश्व परामर्श समितिको मिति २०८०/०६/१७ गते बैठकको निर्णय बमोजिम आन्तरिक आय तथा कर शुल्क दस्तुर असुली एवं भाडा व्यवस्थापनका सम्बन्धमा भए गरिएका निर्णयहरुको समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६ :-** वडा विकास सहजकर्ताको व्यवस्थापन नहुन्जेल सम्मका लागि वडा विकास कार्यक्रमको घुम्ती कोष बुझाउन ल्याउने कर्मचारी तथा पदाधिकारीलाई बुझाउन ल्याउदाको दिनको लागि मिति २०८०/०४/०१ गते देखि लागू हुनेगरि यातायत र खाजा खर्च रकम वडा विकास कार्यक्रममा विनियोजित रकममध्येबाट प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७ :-** स्याङ्गजा साहित्य प्रतिष्ठान मार्फत लोक साहित्य, विमर्श स्रष्टा सम्मान साहित्यिक क्षेत्र उत्थानका लागि रु.१०००००/- आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८ :-** प्रथम प्रदेश स्तरीय अन्तरविद्यालय उपमेयर रनिङ शिल्ड महिला क्रिकेट प्रतियोगिता २०८० संचालनका लागि स्याङ्जा जिल्ला क्रिकेट संघ मार्फत रु.१०००००/- आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९ :-** गरिबसँग विश्वेश्वर कार्यक्रम पुतलिबजार नगरपालिका वडा नं ५ मा संचालन गरिदै आएकोमा हाल उक्त कार्यक्रम संचालन गर्ने सामाजिक परिचालकले आफ्नो पदबाट राजिनामा स्वीकृत गराएको हुँदा कार्यक्रम संचालनमा

तुलसी राम रेग्मी
नगर प्रमुख

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा

कठीनाई उत्पन्न भएकोले वडा नं ५ का वडा सचिवलाई उक्त कार्यक्रम संचालन तथा व्यवस्थापन गर्न जिम्मेवारी प्रदान गर्ने र सो कार्य सम्पादन गरेबापत निजलाई उक्त कार्यक्रमबाट मासिक रु ५००० थप प्रोत्साहन परिश्रमिक प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. २० :-** चण्डिकालिका स्वास्थ्य चौकीको कार्यालय सहयोगी सुमन गुरुङलाई मिति २०८०/०४/०१ गते बाट लागू हुने गरि कार्यालय सहयोगि प्रथम तहको मासिक ज्यालादारिको पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. २१ :-** पुतलिबजार नगरपालीका वडा नं ४ मा अवस्थित रामकोष फुलबारी मा.विको प्रवेशद्धारमा अविरल वर्षाका कारण पहिरो गइ विद्यालयनै उच्च जोखिममा रहेको हुँदा उक्त स्थानमा पुर्वाधार निर्माणका लागि विपद् व्यवस्थापन कोषबाट रु.३०००००/- रकम प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. २२ :-** विपी. स्मृति पुस्तकालय गण्डकी प्रदेश को संस्थागत सदस्यता प्राप्तिका लागि रु.१०००००/- प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. २३ :-** पुतलीबजार नगरपालिका वडा नं ५ स्वास्थ्य चौकीको माथिल्लो तलामा पर्टिसनको लागि रु.२०००००/- प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. २४ :-** वडा नं २ स्थित दुर्गादेवी प्रा.विको भवनमा आवश्यक मर्मत संभार गरि वडा कार्यालय संचालनको व्यवस्था मिलाउने।

**निर्णय नं. २५ :-** वडा दशैं २०८० अगावै प्रत्येक वडाका मुख्य सडक मर्मत संभार तथा सफाई गर्ने कार्यका लागि मर्मत संभार कोषमा मौज्दात रकमबाट खर्च व्यहोरिने गरि प्रति वडा रु.५००००/- का दरले रु.७०००००/- रकम विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. २६ :-** उपभोक्ता हित प्रतिकुल कार्य गर्ने वा उपभोक्ता हित अनुकुल एवं संरक्षण हेतु पुतलीबजार नगरपालिका क्षेत्र भित्रका उद्यम, यातायात, व्यापार, वस्तु निर्माण तथा सेवा कार्य र तिर्नु बुझाउनु पर्ने कर शुल्क दस्तुर अशुली आदि कार्यको बजार अनुगमन गर्ने कार्यका लागि तोकिएको अनुगमन टोलीबाट माग भएको विवरण दिन आना कानी गर्ने अवरोध खडा गर्ने निर्दिष्ट स्थानमा निर्दिष्ट प्रक्रियाद्धारा पसल, व्यवसाय, उद्योग, फर्म संचालन नगर्ने, दिएको निर्देशनको पालना नगर्ने, उल्लघंन गर्ने फर्म उद्यम व्यवसाय दर्ता एवं नविकरण नगरि संचालन गर्ने श्रेस्ता एवं अभिलेख नराख्ने, तिर्नु बुझाउनु पर्ने कर, शुल्क, दस्तुर आदि नबुझाउने व्यक्ति/फर्म तथा संस्थालाई खटिएको अनुगमन टोलीबाट मौजुदा तथ्य एवं उल्लघंन गरिएको कार्यको मात्रालाई मध्यनजर गरि प्रचलित कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम र स्पष्ट कानूनमा उल्लेख नभएकाको हकमा खटिएको निरिक्षण अधिकारीको निर्देशन एवं स्वविवेकिय अधिकारको प्रयोग गरी रु.५०००/ देखि रु.२०००००/- सम्म स्थलगत रुपमै दण्ड, जरिवाना गर्न सक्ने अधिकार प्रत्योजन गर्ने निर्णय गरियो साथै उक्त कार्यमा उचित निगरानी गरि सुराकि दिने कर, शुल्क, दस्तुर आदि अशुलीमा प्रत्यक्ष सहयोग गर्ने व्यक्ति वा संस्था वा निकायलाई अशुली भएको रकमको १५ प्रतिशतले हुन आउने रकम प्रोत्साहन तथा पुरस्कार स्वरुप प्रदान गर्ने निर्णय गरियो।

तुलसी राम रेग्मी
नगर प्रमुख